Damak Campus Journal 2023, **11 (1): 123-129**
ISSN : 2565-4772 (Print)

# बाँस्कोटा धनञ्जयको 'मेरी छोरीको बाउ' कथामा नारीवादी दृष्टिकोण

**भूपाल खतिवडा**
**नेपाली विभाग**
**दमक बहुमुखी क्याम्पस**
E-mail: *bhupalkhatiwada403@gmail.com*

## लेखसार

*प्रस्तुत आलेख मेरी छोरीको बाउ कथा मार्क्सवादी नारीवादसँग सम्बन्धित छ । यो लेख मार्क्सवादी नारीवादका आधारमा बाँस्कोटाको कथाको विश्लेषण गर्ने उद्देश्यले तयार पारिएको छ । प्रस्तुत लेख पात्रको अवस्था के कस्तो छ ? नेपाली समाजमा नारी विभेदको कस्तो स्वरूपलाई प्रस्तुत गरेको छ र पितृसत्ता र पुरुषसत्ताले नारीवर्गमाथि गर्ने अन्यायको कस्तो स्वरूपलाई प्रस्तुत गरिएको छ ? नारीवर्गबाट के कस्तो विद्रोह भएको छ भन्ने समस्यामा केन्द्रित रहेको छ । यो लेख कथा विश्लेषण आधारित रहेको छ । सामग्रीको सङ्कलनका लागि प्राथमिक स्रोतका रुपमा मेरी छोरीको बाउ रहेको छ । द्वितीय सामग्री सङ्कलन पुस्तकालयको प्रयोग गरिएको छ । अध्ययनबाट प्राप्त तथ्यलाई तर्क, उदाहरणका आधारमा विश्लेषण गरिएको छ ।  प्रस्तुत कथामा रुश्ना, उसका बुबा, आमा, अधवैँसे पुरुष, उसकी पत्नी, आमा, र बहिनी गरिव वर्गका पात्र छन् भने रुश्नाको पति धनी वर्गका रुपमा रहेको छ । रुश्ना पितृसत्ताबाट पिडित भएकी र उसले विद्रोह गरेकी छे । त्यसैगरी अधवैंशे पुरुषकी पत्नीले पनि किन गरिब पुरुषकी स्वास्नी बनीरहने भनी इजरायल गएर पैसा कमाएकी छे भने अर्कै केटासँग विवाह गरेकी छे यो गरिबीको कारण भएको हो । कथाका नारी पात्रहरु पितृसत्ताको शिकार, पुरुषसत्ता र त्यसले दिएको नारी उत्पीडन, नारीसङ्घर्ष र विद्रोह तथा आर्थिक पक्ष जस्ता विषयमा सिकार भएका छन् । नारी पात्रहरु सम्भ्रान्त वर्गको शोषणका विरुद्ध सशक्त रूपमा उत्रिएका छन् । सम्भ्रान्त वर्गको क्रुरता, निम्न आर्थिक अवस्था, पुरुषवादी सत्तासँग विद्रोहको स्वर प्रस्तुत गरिएको नारीवादी कथा हो ।*

***शब्दकुञ्जी :*** वर्गीय,  उत्पीडन, सम्रान्त, स्वैरकल्पना

## परिचय

मेरी छोरीको बाउ कथा बाँस्कोटा धनञ्जयको उत्कृष्ट कथा हो । उनको चित्रगुप्तको ल्यापटप (२०७७) कथा सङ्ग्रहमा सङ्कलित प्रगतिवादी कथा हो । नेपाली साहित्यका कथा, कविता तथा समालोचनाका क्षेत्रमा आफ्नो कलम चलाएका छन् । नेपाली समाजका वास्तविक र नवीन किसिमका समस्यालाई प्रस्तुत गरी कथा लेख्ने कथाकार बाँस्कोटा नेपाली साहित्यका उत्तरआधुनिकतावादी कथाकार हुन् । नेपाली समाजमा महिलामाथि हुने पारिवारिक हिंसा, यौन हिंसा, शोषण, दमन तथा अत्यचार, युवापुस्ताहरुको मनोविज्ञान, साईवर संस्कृति र त्यसभित्रको अपराध तथा अन्धराजनैतिक अवस्था, विदेश

पलायन, डायस्पोरा जस्ता विशेषता उनका कथामा भेटिन्छन् । परम्परागत मूल्यमान्यता प्रायः मृत भएको अवस्थामा उनका कथाले परम्परागत मान्यतालाई पुनः निर्माण गरेर विनिर्माणवादी तथा उत्तर आधुनिकवादी कथाकारका रुपमा आफुलाई उभ्याएका छन् । उनका कथामा नारीका मनभित्रका मनोभावना तथा नयाँपुस्ताको मांशल प्रेम तथा विवाह अनि तत्कालै डिभोर्सको अवस्थालाई चित्रण गर्दा उनी वर्तमान समाजको गहिराई खोतल्न पुग्दछन् । वैदेशिक  रोजगारले दिएको नेपाली समाजाको आर्थिक सम्पन्नतासँगै सयौं वेथिति समेत भित्रिएको अवस्थामा मानव मस्तिष्कले सोच्नै नभ्याएको विषय प्रस्तुत गरेको क्षणलाई हेर्दा उनी स्वैरकाल्पनिक कथाकारका रुपमा देखिन्छिन् । उनका कथामा मनोविज्ञानका विविध पाटा भेट्न सकिन्छ जसमा यौन मनोविज्ञान, प्रेम मनोविज्ञान, राजनीति मनोविज्ञान, विद्यार्थी मनोविज्ञान कर्मचारी मनोविज्ञान, नारीमनोविज्ञानलगायतका पक्ष समेटिएका छन् । उनको मेरी छोरीको बाउ कथा कालमार्क्सको द्वन्द्वात्मक भौतिकवादको प्रत्यक्ष प्रभाव भेटिन्छ । उनका कथामा वर्गीय मुक्तिको आवज बुलन्द पारेको पाइन्छ । उनका कथामा गरिब, दीनहीन, तथा निम्नवर्गका पात्रको प्रयोग भेटिन्छ ।

साहित्यको वर्गीय अध्ययनले समाजमा रहेको वर्ग र त्यसका वर्गको दमन तथा शक्ति र यसको नियन्त्रणमा वर्गीय रूपमा निर्मित सीमान्तीय अवस्थाको अध्ययन गर्छ (भट्टराई, २०७०) । यस कथामा आर्थिक अवस्था कमजोर रहँदा परिवारभित्र विवाहको विषयमा छोरीहरुको अवस्थालाई प्रस्तुत गरिएको छ साथै मेरी छोरीको बाउ कथामा नारीवाद शीर्षकमा तयार पारिएको प्रस्तुत लेखमा सो कथाभित्र रहेका पात्रको आर्थिक स्थिति के कस्तो छ ?  धनी वर्गले गरिब वर्गमाथि गर्ने अन्यायको कस्तो स्वरूपलाई प्रस्तुत गरिएको छ ? पुरुष वर्गले नारी बर्गप्रति के कस्तो शोषण गरेका छन् भन्ने समस्यामा केन्द्रित रहेर तयार पारिएको छ । यस लेखमा नारीहरुको अवस्थाको खोजी गर्नु, नारीको स्वतन्त्रता तथा शोषण पत्ता लगाउनु यस लेखका उद्देश्य रहेका छन् ।

प्रस्तुत लेख सैद्धान्तिक विश्लेषणमा आधारित रहेको छ । यो काथाको विश्लेषणको सैद्धान्तिक आधार मार्क्सवादको वर्गीयता  र मार्क्सवादी समालोचना पद्धति हो । यस लेख पाठपरक विश्लेषण विधिमा आधारित रहेर तयार पारिएको छ । यस लेखलाई पूर्णता प्रदान गर्नका लागि प्राथमिक सामग्री सङ्कलनका रुपमा मेरी छोरीको बाउ कथालाई लिइएको छ भने द्वितीय सामग्रीका रूपमा पुस्तकालयीय स्रोतबाट लेख, पुस्तक, अनुन्धान जस्ता सामग्रीको प्रयोग गरी तयार पारिएको छ । सङ्कलित सामग्री, नारीवाद सैद्धान्तिक पर्याधारका सापेक्षतामा कथाको विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

## सैद्धान्तिक आधार

नारीवाद अङ्रेजी फेमिनिजमको नेपाली रूपान्तरण हो । यसलाई एउटा महत्त्वपूर्ण वैचारिक आन्दोलनका रुपमा लिनुपर्ने देखिन्छ । यो पुरुषविरोधी आन्दोलन नभएर पितृसत्ता  र सामन्तवादी संस्कार र संस्कृतिका कारण महिलामाथि हुने दमन र शोषणको विरुद्धको सङ्गठित आन्दोलनका साथै वैचारिक दर्शन हो । यो महिलाका हक र अधिकारलाई सुनिश्चित गर्ने चिन्तनका रुपमा चिनिन्छ ।  नारीकै केन्द्रीयतामा कृतिको अध्ययन विश्लेषण गर्ने समालोचना पद्धति हो नारीवादी समालोचना पद्धतिका रुपमा मानिन्छ । यो विशेष गरी नारी आन्दोलन र अभियानका रुपमा जन्मिएको  सामूहिक दृष्टिकोण हो । यसले नारीप्रति हुने अन्याय तथा विभेदपूर्ण व्यवहारको विरोध गरी नारी स्वतन्त्रता र समानताका पक्षमा वकालत गर्दछ "नारीवाद पुरुष दमन र शोषणको विरोधी आन्दोलन हो र यसले पुरुषसरह अवसर र पहुँचको खोजी गर्दछ । यसको सम्बन्ध सांस्कृतिक अधीनस्थताको विरोधसँग छ " (भट्टराई, २०७७ पृ. १२४) । नारीवाद पुरुष विरुद्धको आन्दोलन नभएर परम्परित पुरुष व्यवस्थामा देखा पर्ने सामाजिक परम्परा र कार्य

व्यवहारका आडमा हुने दमनकारी र उपेक्षाकेन्द्री पुरुषकार्यका प्रतिकारमा सञ्चालन भइरहेको शसक्त सामुहिक आन्दोलन  हो ।

नारीलाई सिङ्गो ठेट रूपमा नारीले मात्र चिन्न सक्छन्, नारीले मात्र न्याय गर्न सक्छन् र नारी पात्रहरूको विश्लेषण पनि नारीबाट मात्र सही रूपमा हुन सक्छ भन्ने किसिमका विभिन्न चिन्तनहरूका पृष्ठभूमिमा नै नारीवादी समालोचना विकसित भएको हो (त्रिपाठी, २०६८ पृ. ९४) ।  नारीको चिनारी नारी नै हो अरु कोही हुन सक्दैनन् । “पितृसत्तात्मक सोच र संस्कारका कारणले नै महिलाका भूमिकाहरू पुरुषको दाँजोमा सामाजिक मूल्यमान्यताका आधारमा कमजोर र मूल्यहीन मानिन्छन्” (ढकाल, २०७० पृ. ३२७) । यसरी पितृसत्तात्मक सोच र पुरातन पुरुषवादी सोच तथा पितृसत्तात्मक सत्ता रहेका समाजमा नारी विभेदको मुख्य कारण आर्थिक पहुँच पनि हो । “अरु राजनीति जस्तै नारीवाद पनि नारीमुक्तिका लागि सुरु भएको राजनीतिक आन्दोलन हो” (भट्टराई, २०७७ पृ. १२४)  । नारीवादी आन्दोलने मात्र नारीलाई स्वतन्त्रता प्रदान गर्न सक्दछ । शर्मा र लुईटेल, (२०६७) ले नारीवादी समालोचनाका सन्दर्भमा भनेका छन्, नारीकेन्द्री परिप्रेक्षबाट नारी हक, हित र समानताको पक्षधरता नै नारीवाद हो (पृ.३७१) । नारीवाद पुरुषका विरुद्धमा नभई नारीका हक, अधिकार स्थापति गर्न तथा समाजमा समसत्ता स्थापना गर्नका लागि गरिएको पितृसत्ताको विरुद्धमा गरिएको प्रतिकार हो ।

मार्क्सवादी मान्यताले लैङ्गिक विभेदको मूल कारण समाजिक अर्थ व्यवस्था रहेको  र जहिलेसम्म समाजमा पूँजीपति वर्ग र सर्वहारा वर्ग रहिरहन्छ तबसम्म आर्थिक विभेद कायम रहन्छ । आर्थिक विभेदबाट नै लैङ्गिक विभेद र उत्पीडन हुने कुरा उनले गरेका छन् । आर्थिक तथा वर्गीय विभेदको अन्त्य हुन सके मात्र लैङ्गिक विभेद कम हुने देखिन्छ ।

पूँजीवादले कुलीन महिलालाई पुरुषहरूको सेवा गर्ने, यौन चाहना पूर्तिको साधन बन्ने तथा विलासी जीवन बिताएर वास्तविक सामर्थ्यको सदुपयोग गर्न नसक्ने बनाएको छ भने निम्नवर्गका महिला मजदुरलाई निःशुल्क काममा लगाउने, कम ज्याला उपलब्ध गराउने जस्ता लैङ्गिक रूपमा आर्थिक दमन गरेको तर्क गर्दै यस्तो व्यवस्थाको अन्त्य हुनुपर्ने विचार मार्क्सवादी नारीवादले प्रस्तुत गरेको छ (खनाल, २०७१ पृ८०) । यसरी लैङ्गिक असमानता, दमन, शोषण तथा पूँजीवादी अर्थव्यवस्थाबाट निर्माण भएको, सम्पत्तिको स्वामित्व र अधिकारले गर्दा लैङ्गिक असमानताको सिर्जना गरेकोले सामाजिक-आर्थिक संरचना तथा अर्थव्यवस्थालाई नारीमाथिको विभेदको प्रमुख कारण ठहऱ्याएर त्यसको अन्त्य गर्नुपर्ने विचार मार्क्सवादी नारीवादको रहेको छ ।

## नतिजाको व्याख्या तथा विश्लेषण

प्रस्तुत लेख मार्क्सवादी नारीवादका आधारमा विश्लेषण गरिएको छ । यस धारणाले महिलालाई आर्थिक रूपमा सक्षम तथा स्वनिर्भर बनाएर पुरुष सरह बनाएको खण्डमा लैङ्गिक विभेद र उत्पीडनको अन्त्य हुने दृष्टिकोण मार्क्सवादी नारीवादी राखेको छ । / प्रस्तुत कथामा रुश्ना, उसका बुबा, आमा, अधबैँसे पुरुष, उसकी पत्नी, आमा, र बहिनी गरिववर्गका पात्र छन् भने रुश्नाको पति धनी वर्गका रुपमा रहेको छ । .यसैको पर्यावरणमा मेरी छोरीको बाउ कथालाई निम्न आधारमा विश्लेषण गरिएको छ ।

रुश्ना ताप्लेजुङ्बाट इजरायलका लागि चौथो पटकको यात्रा तय गर्दै गर्दा उनी कक्षा १२ पढ्दाको पूर्व स्मृतिमा पुगिन् । १२ कक्षा पढ्दै गर्दा उनको विवाहको कुरा चल्न थाल्यो । आमाले उनलाई विवाह गर्न भनिन् । उनले आफू पढ्दै गरेकाले विवाह नगर्ने भनी असहमति जनाइन् । आमाले उनलाई विवाह गरेर अघाउन्जेल पढ्ने भनेपछि उनले तपाई.ले विहे गरेर कति पढ्नु भयो भनेर प्रतिप्रश्न गरिन् । उनका बाबुले

पनि छोरीलाई राम्रो घरको केटो छ असी मन अलैची फलाउछन् केटो भने जस्तो पाइँदैन । प्रतिउत्तरमा अलैचीसँग विहे गर्ने हैन भनी इन्कार गर्दछे । तर जति इन्कार गरे पनि उनको विवाह त्यही धन हुने केटासँग भयो । त्यसपछि उनको जीवन पीडादायी भयो । उनका श्रीमान् पर्दापछाडि रक्सिया र तस्करका रुपमा रहेकाले सिलगुढीबाट पक्राउ पर्दछन् । छोरो निकाल्न परिवारले पनि वास्ता नगरेपछि उनले पनि अपराधीकी स्वास्नी हुनुभन्दा विधवा हुनु राम्रो भन्ने निष्कर्ष उनको रह्यो । उनका श्रीमान्मा लत थियो । जसले गर्दा अलैची हुँदै विस्तारै अलैचीखेती नै सकिन थाल्यो । श्रीमान्ले पत्नीको सल्लाह मानेनन् वरु उल्टै पत्नीलाई डिस्टव नगर, बाठो न हो, पुरुष गन्हाएको र लोग्नेसँग तर्क गर्ने आइमाई भनी गाली गरी बिजनेस गर्न चेन्नाइ जान्छु भनी घरबाट हिँड्यो केही समयपछि सिलगुढीबाट पक्राउ परे के कारणले हो भन्ने खुल्न सकेन । उसको परिवारले समेत जीवन रक्षाको माग गरेनन्  । उनले पनि अपराधीकी स्वास्नी बन्नुभन्दा विधवा हुनु राम्रो भन्ने बिचार गरी छुटाउने प्रयास गरिनन् ।

समयको परिर्वतनसँगै रुश्नाको जीवनमा पनि परिर्वतन देखियो । जीवनले अर्को बाटो समात्न थाल्यो । उनी छोरीलाई मामलमा राखेर इजरायल गइन् । चार वर्ष इजरायल बस्दा उनले निकै धन सम्पति जोडिन् । उनी नेपालबाट चौथो पटकका लागि इजरायल जान भनि काठमाडौँ जाँदैगर्दा  चालिस वर्ष जतिको अधवैँसे मानिससँग उनको गाडिमा भेट भयो । एक आपसमा कुराकानी हुँदै गर्दा त्यस अधवैँसे व्यक्तिकी श्रीमती पनि आर्थिक उपार्जन गर्न इजरायलनै गएकी रहिछे । केही समय बितेपछि अधवैँसे पुरुषलाई छाडी पोखराको अर्कै व्यक्तिसँग विहे गरेको रहेछ भन्ने थाहा पाएपछि रुश्नाले हामी दुवै घाइते रहेछौँ भनी आफ्नो पनि कथा सुनाइन् । त्यसपछि रुश्ना उसलाई हामी दुई करिब उस्तै पिडा रहेकाले मन मिले सवथोक साट्न मिल्छ, यदि तपाईं मेरी छोरीको बाबु बन्न सक्नुहुन्छ भने तपाईं मर्न हिडेको मान्छे र म बाँच्न हिडेको मान्छेको बीचमा नाता जोडौँ भनिन् । त्यस अधवैसेले नाइँ भनेन । त्यसपछि रुश्ना र अधवैँसे दुवैको अनौठो नाता जोडियो ।

यसै कथानकको आधारमा यस काथाको मार्क्सवादी नारीवादका दृष्टिमा निम्न उपशीर्षकमा चर्चा गरिएको छ ।

**पितृसत्तात्मक शोषण**

पितृसत्ताले नारीलाई दोस्रो दर्जाको नागरिका रूपमा व्यवहार गर्छ र कानुनी तथा सामाजिक साँस्कृतिक मूल्य मान्यतालाई पुरूष अनुकुल बनाउने प्रयास गर्छ । पुरूषद्वारा पुरूषकै हितमा निर्मित यस व्यवस्थाले नारीहरूमाथि भएको दमनको खोजीका क्रममा नारी चेतना जागृत हुनु नै पितृसत्तात्मक शोषणको विरोधसम्बन्धी नारीचेतना नै हो (पाण्डेय, २०७३) ।

मेरी छोरीको बाउ कथामा पुरूष सत्ताको प्रभुत्वको खोजी गर्दै नारी शोषण, दमन र अत्याचार अन्त्यको माग गरिएको छ । यसका साथै कथामा व्यक्त पितृसत्ता प्रकृतिप्रदत्त नभएर मानव निर्मित सामाजिक साँस्कृतिको यथार्थ धारणालाई प्रस्तुत गरिएको छ । त्यसैगरी मेरी छोरीको बाउ कथामा नारीलाई श्रीमान्को ख्याल गर्ने सुरक्षा कवजका रूपमा प्रयोग गरिएको पितृसत्तात्मक सोचको सिकार भएका रुपमा प्रस्तुत गरिएको छ ।

रुस्ना, राम्रै घरबाट केटो आएको छ तेरो विहेको लागि, किन हतार र ममी ? म पढ्दैछु नि (पृ. ६१) !

हाम्रो समाजले विवाहका लागि योग्य वर छान्ने सम्मको स्वतन्त्रता नारीलाई दिएको छैन । यो पितृसत्तात्मक सोचकै कारण भएको हो । यस्ता घटना ग्रामीण भेगमा बढी हुने गर्दछन् । संविधानमा

मौलिक हकका रुपमा राखिएको शिक्षासम्बन्धी हकलाई समेत हाम्रो समाजले धनी परिवारको केटा आएमा विवाह गर्नै पर्ने अवस्था सिर्जना गरेको पाइन्छ । यसमा नारीको स्वतन्त्रता हरण भएको छ ।

पढाइ ज्वाईंकै घरमा गएर पढ्दा हुँदैन ? पढाउँछु भन्दैछन् त तिनीहरु अघाउन्जेल पढ्नू । छोरी दिने ठाउँ पाइदैन भन्छन् । साह्रै राम्रो घरको केटो आएको छ । हँ भन्दे नानी ।

विवाहका विषयमा विद्रोहको आवज आएपनि त्यसले सार्थकता पाउन सकेको छैन तर विद्रोहको सङ्केत भने देखिन्छ । त्यो सम्भव छैन । तपाईंले विहे गरेर कति पढ्नु भयो ? (पृ.६१)।

पुरुषसत्ताका परिवारमा रहेको हुन्छ जो नारीको स्वतन्त्रता विरुद्धमा अडिग रहने गर्दछ । नारीको विद्रोहको ख्याल यो समाजमा रहेको देखिदैन ।

राम्रो कुटुम्व पाईंदैन । असी मन त अलैंची फलाउँछन् । राम्रो छ व्यवहार । मान्छेसँग विहे हुन्छ अलैंचीसँग हैन बाबा (पृ.६१) । त्यही धनी मान्छेसँग मेरो विहे भयो (पृ.६१) ।
हाम्रो समाजमा पुरुषलाई सपार्ने जिम्मा नारीको हो त । नारीलाई सुधारकेन्द्रका रुपमा स्थापति गराउन खोजेको पाइन्छ ।

ए नानी तिम्रो श्रीमान् कहाँ जान्छ, के गर्छ, के खान्छ राम्रो ख्याल गर्नु है (पृ. ६१) ।

प्रस्तुत कथांशहरूमा पितृसत्तात्मक सोच र प्रवृतिले नारीमाथि गरिएको अन्याय, अत्याचार, शोषण र चोटलाई प्रस्तुत गरिएको छ । पुरूषप्रधान समाजले नारीलाई धर्म र सँस्कृतिका नाममा पुरूषको भोग विलासी वस्तुका रूपमा प्रयोग गरेको छ । आफुलाई मन लाग्दा छानीछानी प्रयोग गर्ने, पितृसत्तात्मक सामन्ती पुरूष प्रवृतिको विरूद्धमा आएको नारी चेतनालाई प्रस्तुत गरिएको छ । नारी शिक्षित भएर पनि पितृसत्ताकै कारणले नारीले खुलेर आफ्ना कुरा राख्न नसक्ने तथा अन्तिम निर्णय पुरुष सत्ताकै हुने गरेको देखिन्छ । नारी स्वतन्त्र रूपमा बाँच्न पाउने अधिकारको खोजी गर्दै नारी चेतनालाई कथामा उलेखित कथायांशमा प्रष्ट पारेका छन् ।

**पुरुषसत्ता र नारी उत्पीडन**

पितृसत्तात्मक समाज व्यवस्थामा पुरुष सर्वेसर्वा हुने र महिला उनीहरुको अधिनमा बस्नु पर्ने नीतिका कारण परिवार तथा समाजमा महिला उत्पीडनको अवस्था सिर्जना भएको छ (पाण्डेय,२०७३) शक्तिकेन्द्रको रुपमा पितृसत्ता रहेकै कारण समाजका सम्पूर्ण मूल्यमान्यता आफू अनुकूल बनाउँदै त्यही मूल्य मान्यताका आधारमा महिलालाई नियन्त्रण र पालना गर्न बाध्य तुल्याएका छन् । प्रस्तुत कथामा पुरुषले नारीलाई केवल भोग्य वस्तु ठानेका तथा नारीका कुनै पनि राम्रो सल्लाह नसुनी हप्कीदप्की गरेको विषयले पुरुषवादी समाजले बनाएको संरचनाले नारीमाथि शोषण गरेको देखाउँछ ।

विहेपछि समय पर्दापछाडि वित्यो । मान्छे पर्दापछाडि कसरी जिउँछन् भनेर थाहा भयो (पृ.६२) । पर्दैन, पहिले पनि त्यहाँ गएर के बिज्नेस गर्नुभयो थाहा पनि भएन कमाइ पनि भएन जस्तो लाग्यो । पैसा कति कमाइयो त्यहाँबाट भनेर देखाउनु भएन त भन्नु पनि भएन घाटाको विजनेस नगरौं अरु नै कुरा सोचौंला । डिस्टप नगर, बाठी नहो पुरुष गन्हाएको लोग्नेसँग तर्क गर्ने आइमाइहरु । (पृ.६२) । नारीले पुरुषको भलो चाहेको तर नारीले चाहिँ उल्टो गाली गलोचको भाषा प्रयोग गरेकोले पुरुष सत्ताबाट नारी उत्पीडन रहेको छ । पुरुष जेल पर्दा छुटाउने प्रयत्न समेत नगर्नु नारीमाथि गरिएको दलनको नमुना र विद्रोह दुवै हो ।

## नारी संघर्ष र विद्रोह

नारी विद्रोह भन्नाले धर्म र संस्कृतिका नाममा नारीमाथि भएका अन्याय, अत्याचार र दमनको विरोध गर्नु नै नारी विद्रोह हो । प्रस्तुत कथामा नारीले गरेको सङ्घर्ष र नारीले गरेको विद्रोहलाई प्रस्तुत गरिएको छ । खराब पतिको पत्नी भएर बस्नुभन्दा विधवा हुनु नै उपयुक्त ठान्नु रुश्नाको नारी विद्रोह हो ।

उसका बाबुसमेतले उनको जीवन रक्षाको माग गरेनन् भारतीय दुतवासलाई मैले पनि नगर्ने सोच बनाए कलंकित हुन चाहिन । अपराधीकी स्वास्नी हुनुभन्दा विधवा हुनु राम्रो (पृ.६४) ।
नम्रताकी साथीले पूर्वपतिसँगको चरम आर्थिक अभावमा बस्नुभन्दा इजरायल गएर रुपयाँ कमाउनु तथा उक्त पुरुषलाई छाड्नु नारी विद्रोह हो ।

म काम विशेषले अहिलै पोखरा जानुपर्ने भयो कृपया अब मलाई नपर्खनु घर जानु भोलि नै त्यसपछि उसको फोन काटियो र सम्पर्क हुन सकेन आजसम्म सम्पर्क हुन सकेको छैन (पृ.७३) ।
विहे गरेकी छ रे तेरी स्वास्नीले । पोखराको मान्छेसँग (पृ.७३) ।

म बाँच्नका लागि इज्रायल होमिए चार वर्ष इजरायल बस्दा जेथो जोडेँ, घर जोडेँ, छोरीलाई पढाउँदै उसको भविष्य जोडेँ र भविष्यको आर्थिक सुरक्षा जोडेँ र सामाजिक हैसियत पनि जोडेँ (पृ. ६४) ।

रुश्नाले पूर्वपतिलाई छाडी अर्को पतिसँग दाम्पत्य जीवनको सुरुवात गर्नु समाजप्रतिको विद्रोह हो । र एउटा घाइते व्यक्तिलाई साथ दिई पुनः विवाह गुर्न नारी विद्रोह नै हो ।  साट्न किन मिल्दैन मन मिलेपछि सबथोक साट्न मिल्छ, प्रभु । म तपाईंसँग त्यो दुःख साट्न सक्छु ? जे पर्ला पर्ला प्रपोज पो दन्काएँ । तपाईं मेरी छोरीको बाबु बन्न सक्नु हुन्छ ? यानी .......
ऊ मर्न हिनेको मान्छे, अनि म बाँच्न हिनेकी मान्छे हाम्रो बिचमा अनौठो नाता जोडियो (पृ.७६) । नारीले पनि अवसर र मौका पाए पुरुषसरह आर्थिक आयआर्जन गर्न सक्दछन् । वच्चा जन्माउने मेसिन र भान्साको मात्र हैनन् भन्ने कुराको पुष्टि रुश्नाले गरेकी छिन् ।

## आर्थिक अवस्था

आर्थिक अवस्थालाई हेर्दा गरिब वर्गले धनी वर्गसँग विहे गर्दा छोरीले सुख पाउछे भन्ने मान्यता तथा रुश्नाले आफैं आर्थिक उपार्जन गर्नु तथा अधवैंसेकी पत्नीले रुपयाँकै लागि इजरायल गएकी तथा स्वतन्त्रता खोजेकी छे भने रुश्नाले पनि बाध्यतामा विहे गरेता पनि उनेले अको विबाह गरेर परिवार तथा पुरुष प्रधान समाजसँग विद्रोह गरेकी छे । समान आर्थिक वितरणको खोजी कथामा गरिएको छ ।

मेरा पनि धेरै सपनाहरु थिए । प्लस्टु पढ्दै गर्दा आफैंले मन पराएकी केटीलाई भगाएर विहे गरेँ । म सरकारी विद्यालयमा सानो कर्मचारी थिएँ तर मेरी रानीको सपना म मात्रै थिइँन । पैसा पनि थियो । विहे गरेको आठौं महिनामा उसका प्रश्नहरुले मलाई थिच्यो । हजुरको यही एकमाने बुद्धिले हामी जीवनभर यही गरिवीको कथा बेचेर बाँच्नुपर्छ । मेरी रानी इज्रायल गइन् पैसा कमाएर हाम्रा सपना पूरा गर्न अब हाम्रा सपना पूरा हुन्छन् यही ठानी ।

आफ्ना र परिवारका सपना पूरा गर्ने अवस्थामा कतिपय  पुरुष पनि पिडित बनेका छन् । यस कथाको अधवैंसे मानिस बिना कमजोरी पिडित भएको छ ।  नारी मात्र हैन पुरुष पनि पिडित छन् तर नारीको जस्तो भयावह अवस्था चाहिँ छैन ।

## निष्कर्ष

प्रस्तुत लेख मार्क्सवादी नारीवादको दृष्टिकोणबाट प्रेरित रहेको छ । यस लेखमा पितृसत्तात्मक सोचले समाजमा नारीहरु शोषित पिडित भएका छन् । एकाइसौं शताब्दीमा नारीमाथिको शोषण कायम

रहेको अवस्था  छ । नारीहरुलाई आर्थिक आयआर्जन गर्ने अवसर नदिई केवल घरमा काम गर्ने कामदारका रुपमा हेरिएको छ । नारीहरुलाई आफ्नो पतिसम्म रोज्न हाम्रो समाजले दिएको छैन । उनीहरु परिवारको दवावमा विहे गर्दछन् तर  विद्रोह गर्दैनन्  र पर्दापछाडि आफ्नो जीवन व्यतित गर्दछन् भने कतिपयले विद्रोह नै गर्दछन् । पितृसत्ताको सिकार भएर विवाह गरेका कतिपय नारीहरू पुरुषसत्ताको उत्पीडनमा पर्दछन् । त्यसपछि उनीहरुको जीवनले फरक मार्ग लिन्छ । पुरुषसत्ताको उत्पिडन खप्न नसकेर रुश्ना जस्ता नारीहरु विद्रोह गरी विदेश जान बाध्य हुन्छन् । पुरुष उत्पीडनकै कारणले नारीहरु विद्रोही हुने गर्दछन् । सधै उनीहरु उत्पिडन सहेर बस्दैनन् । प्रस्तुत कथामा नारीले विद्रोह गरेर श्रीमान् छाडी अर्को विवाह गर्दछे भने अधवैसे पुरुषलाई पत्नीले छोडी अर्कैसँग विवाह गरेकी छे त्यो नारी स्वतन्त्रताको खोजी हो । नारीहरु स्वतन्त्र भएर बाँच्न चाहन्छन् भन्ने कुरा यस कथामा प्रस्तुत गरिएको छ । बाबु आमाले विहे गरेर दिँदैमा नारीहरु खुसी र सुखी हुदैनन् उनीहरु आफ्नो वर आफै रोज्न चाहन्छन् भन्ने निष्कर्ष यस लेखको रहेको छ ।

## **सन्दर्भसूची**


आचार्य, लक्ष्मीप्रसाद (सन् २०२०). *उषा शेरचनको पर्दा पछाडि कथामा नारी विद्रोह.* समकालिन साहित्य ।

ढकाल, रजनी (२०७०). *सांस्कृतिक अध्ययनमा लैङ्गिकता.* भृकुटी. भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

पाण्डे, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* साझा प्रकाशन ।

त्रिपाठी, सुधा (२०६८). *नारीवादी सौन्दर्य चिन्तन.* भृकुटी. एकेडेमिक पब्लिकेसन्स ।

बाँस्कोटा, धनञ्जय (२०७७). *चित्रगुप्तको ल्यापटप.* पाथिभरा अफसेट प्रेस .

भट्टराई, रमेशप्रसाद (२०७० असार). *सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्त.* भृकुटी.१९ . ३३५-३६४ ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* भुँडीपुराण प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* भुँडीपुराण प्रकाशन

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३).  *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* विद्यार्थी पुस्तक भण्डार ।


➢